# देशको वर्तमान आर्थिक स्थिति

*(आर्थिक वर्ष २०६८/६९ को पाँच महिनासम्मको तथ्याङ्कमा आधारित)*

## मौद्रिक स्थिति

१. विगतमा मौद्रिक सर्भेक्षणमा नेपाल राष्ट्र बैंक र वाणिज्य बैंकहरुको वासलाततलाई मात्र समावेश गर्ने गरिएकोमा विकास बैंक तथा वित्त कम्पनीहरुको संख्यात्मक विस्तार र उल्लेख्य रुपमा मौद्रिक कारोवार हुने गरेबाट मौद्रिक सर्वेक्षणलाई बढी यथार्थपरक बनाउन यी संस्थाहरुको वासलाततलाई पनि मौद्रिक सर्वेक्षणमा समावेश गर्नु आवश्यक भएको र आर्थिक वर्ष २०६८/६९ को मौद्रिक नीतिमा नियमित रुपमा विस्तृत मौद्रिक सर्वेक्षण तयार गरी प्रकाशनमा ल्याउने उल्लेख भए अनुरुप चालू आर्थिक वर्षको चार महिनादेखि मौद्रिक सर्वेक्षणको दायरामा विकास बैंक तथा वित्त कम्पनीहरु समेत समावेश गरी विस्तृत मौद्रिक सर्वेक्षण प्रकाशनमा ल्याइएको छ ।

### मुद्राप्रदाय

२. आर्थिक वर्ष २०६८/६९ को पाँच महिनासम्ममा विस्तृत मुद्राप्रदाय ८.८ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त मुद्राप्रदाय १.७ प्रतिशतले मात्र वृद्धि भएको थियो । वार्षिक विन्दुगत आधारमा २०६८ मंसिर मसान्तमा विस्तृत मुद्रा प्रदाय २०.१ प्रतिशतले वृद्धि भएको छ । वित्तीय क्षेत्रको खुद वैदेशिक सम्पत्तिमा उच्च वृद्धि भएको हुँदा विस्तृत मुद्रा प्रदायमा वृद्धि भएको हो । आर्थिक वर्ष २०६८/६९ को पाँच महिनासम्ममा संकुचित मुद्रा प्रदाय भने २.० प्रतिशतले मात्र वृद्धि भएको छ । वार्षिक विन्दुगत आधारमा २०६८ मंसिर मसान्तमा संकुचित मुद्रा प्रदाय ११.२ प्रतिशतले वृद्धि भएको छ ।

३. समीक्षा अवधिमा खुद वैदेशिक सम्पत्ति (विदेशी विनिमय मूल्याङ्कन नाफा/नोक्सान समायोजित) रू. ६१ अर्ब १९ करोड (२८.३ प्रतिशत) ले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त सम्पत्ति रू. ३ अर्ब ७६ करोड (१.८ प्रतिशत) ले घटेको थियो । विप्रेषण आप्रवाहका साथै सेवा आयमा उल्लेख्य वृद्धि भई चालू खाता सन्तुलन धनात्मक भएको तथा वित्तीय खातामा समेत सुधार भएकोले भुक्तानी सन्तुलन सुदृढ भई मौद्रिक क्षेत्रको खुद वैदेशिक सम्पत्तिमा उच्च वृद्धि भएको हो ।

### कुल आन्तरिक कर्जा

४. आर्थिक वर्ष २०६८/६९ को पाँच महिनासम्ममा कुल आन्तरिक कर्जा १.६ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त कर्जा २.७ प्रतिशतले बढेको थियो । वार्षिक विन्दुगत आधारमा २०६८ मंसिर मसान्तमा कुल आन्तरिक कर्जा १३.४ प्रतिशतले बढेको छ । आर्थिक वर्ष २०६८/६९ को पाँच महिनासम्ममा निजी क्षेत्रतर्फको कर्जा ३.२ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा सो कर्जा ६.५ प्रतिशतले विस्तार भएको थियो । अनुत्पादक क्षेत्रमा प्रवाहित कर्जालाई नियन्त्रण गर्न गरिएको नीतिगत प्रयास र बैंक तथा वित्तीय संस्थाहरुको विगतको उच्च कर्जा-निक्षेप

अनुपातलाई सुधार गर्न भएका प्रयासका कारण समीक्षा अवधिमा निजी क्षेत्रको कर्जा विस्तार कम रहेको हो ।

## बैंक तथा वित्तीय संस्थाहरुको निक्षेप परिचालनको स्थिति

५. समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरुको निक्षेप परिचालन ९.० प्रतिशत (रू. ७३ अर्व ७७ करोड) ले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा निक्षेप परिचालन २.० प्रतिशत (रू. १४ अर्व ८७ करोड) ले मात्र बढेको थियो । समीक्षा अवधिमा बाणिज्य बैंकहरुको निक्षेप परिचालन १०.३ प्रतिशतले र विकास बैंकहरुको निक्षेप परिचालन ६.५ प्रतिशतले बढेको छ भने वित्त कम्पनीहरुको निक्षेप परिचालन ०.५ प्रतिशतले घटेको छ । अघिल्लो वर्षको सोही अवधिमा बाणिज्य बैंकहरुको निक्षेप परिचालन ०.४ प्रतिशतले घटेको थियो भने विकास बैंक र वित्त कम्पनीहरुको निक्षेप परिचालन क्रमशः ५.९ प्रतिशत र २.४ प्रतिशतले बढेको थियो ।

## बैंक तथा वित्तीय संस्थाहरुको कर्जा प्रवाहको स्थिति

६. आर्थिक वर्ष २०६८/६९ को पाँच महिनासम्ममा बैंक तथा वित्तीय संस्थाहरुको कर्जा तथा लगानी ४.३ प्रतिशत (रू. ३६ अर्व ५४ करोड) ले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा कर्जा तथा लगानी ५.८ प्रतिशत (रू. ४३ अर्व २४ करोड) ले बढेको थियो । समीक्षा अवधिमा बाणिज्य बैंक र विकास बैंकहरुको कर्जा तथा लगानी क्रमशः ५.४ प्रतिशत र ४.७ प्रतिशतले बढेको छ भने वित्त कम्पनीहरुको कर्जा तथा लगानी ०.३ प्रतिशतले घटेको छ । समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरुबाट निजी क्षेत्रमा प्रवाहित कर्जा २.३ प्रतिशत (रू. १५ अर्ब ७३ करोड) ले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो कर्जा ५.९ प्रतिशत (रू. ३५ अर्ब ६२ करोड) ले बढेको थियो । निजी क्षेत्रतर्फ प्रवाहित कर्जा मध्ये बाणिज्य बैंकहरुबाट प्रवाहित कर्जा ३.७ प्रतिशतले बढेको छ भने विकास बैंक तथा वित्त कम्पनीहरुबाट प्रवाहित कर्जा क्रमशः ०.६ प्रतिशत र ३.६ प्रतिशतले घटेको छ ।

७. समीक्षा अवधिमा वाणिज्य बैंकहरूवाट निजी क्षेत्रमा प्रवाहित कर्जामध्ये औद्योगिक उत्पादन क्षेत्रतर्फको कर्जा रू. ९ अर्ब ७२ करोडले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त क्षेत्रतर्फको कर्जा रू. १० अर्ब ७१ करोडले बढेको थियो । समीक्षा अवधिमा निर्माण क्षेत्रतर्फको कर्जा रू. ३ अर्ब ७० करोडले, कृषि क्षेत्रतर्फको कर्जा रू. १ अर्ब ३ करोडले, थोक तथा खुद्रा व्यापारतर्फको कर्जा रू. ४७ करोडले र यातायात, सञ्चार तथा सार्वजनिक सेवा क्षेत्रतर्फको कर्जा रू. ८० करोडले बढेको छ ।

## तरलता व्यवस्थापन

८. आर्थिक वर्ष २०६८/६९ को पाँच महिनासम्ममा खुला बजार कारोवार अन्तर्गत रिपो बोलकबोल मार्फत रू. ७४ करोड ३७ लाख तरलता प्रवाह भएको र सोझै विक्री बोलकबोल मार्फत रू. ५ अर्ब ४० करोडको तरलता प्रशोचन भई खूद रू. ४ अर्ब ६५ करोड ६३ लाख तरलता प्रशोचन भएको छ । अघिल्लो वर्षको सोही अवधिमा रिपो बोलकबोलबाट रू. ५ अर्ब तरलता प्रवाह भएको थियो भने बिक्री बोलकबोलबाट रू. २ अर्ब र रिभर्स रिपो बोलकबोलबाट रू. १९ अर्बको तरलता प्रशोचन भएको थियो ।

९. आर्थिक वर्ष २०६८/६९ को पाँच महिनासम्ममा नेपाल राष्ट्र बैंकले विदेशी विनिमय बजार (बाणिज्य बैंकहरू) बाट अमेरिकी डलर १ अर्ब ४० करोड खुद खरिद गरी रू. १०७ अर्ब ६९ करोड

बराबरको खुद तरलता प्रवाह गरेको छ । अघिल्लो वर्षको सोही अवधिमा विदेशी विनिमय बजारबाट अमेरिकी डलर ९६ करोड ४० लाख खुद खरिद गरी रू. ६९ अर्ब ९६ करोड खुद तरलता प्रवाह गरेको थियो ।

१०. समीक्षा अवधिमा अमेरिकी डलर १ अर्ब ३० करोड बिक्री गरी रू. १०० अर्ब ४१ करोड बरावरको भा. रू. खरिद भएको छ । अघिल्लो वर्षको सोही अवधिमा अमेरिकी डलर १ अर्ब २ करोड बिक्री गरी रू. ७४ अर्ब ४५ करोड बरावरको भा. रू. खरिद भएको थियो ।

### अन्तर-बैंक कारोवार र स्थायी तरलता सुविधाको उपयोग

११. आर्थिक वर्ष २०६८/६९ को पाँच महिनासम्ममा वाणिज्य बैंकहरूले कुल रू. ९८ अर्ब ८ करोड बराबरको अन्तर-बैंक कारोवार गरेका छन् । अघिल्लो वर्षको सोही अवधिमा कुल रू. १६५ अर्ब १४ करोड बराबरको अन्तर-बैंक कारोवार भएको थियो । समीक्षा अवधिमा कुल रू. ४ अर्ब २१ करोडको स्थायी तरलता सुविधाको उपयोग भएकोमा सम्पुर्ण रकम चुक्ता भएकोले २०६८ मंसिर मसान्तमा वक्यौता रहेको छैन । अघिल्लो वर्षको सोही अवधिमा रू. ८१ अर्व ६८ करोड स्थायी तरलता सुविधा उपयोग भएकोमा रू. १ अर्ब ७४ करोड वक्यौता रहेको थियो । समीक्षा अवधिमा बैंकहरुको निक्षेप परिचालन बढ्न गई तरलताको स्थिति सुदृढ भएकोले अन्तर-बैंक कारोवारका साथै स्थायी तरलता सुविधाको उपयोगमा कमी आएको हो ।

### अल्पकालीन व्याजदर

१२. आर्थिक वर्ष २०६८/६९ को मंसिर महिनामा अघिल्लो वर्षको मंसिर महिनाको तुलनामा अल्पकालीन व्याजदरहरुमा कमी आएको छ । उदाहरणको लागि ९१-दिने ट्रेजरी विलको भारित औसत् व्याजदर अघिल्लो वर्षको मंसिर महिनामा ६.८२ प्रतिशत रहेकोमा २०६८ मंसिरमा ०.८ प्रतिशत रह्यो । त्यसैगरी, भारित औसत अन्तर-बैंक व्याजदर अघिल्लो वर्षको मंसिरमा ८.५९ प्रतिशत रहेकोमा २०६८ मंसिरमा १.०६ प्रतिशत कायम रहेको छ ।

## धितोपत्र बजार

१३. नेप्से सूचकाङ्क वार्षिक विन्दुगत आधारमा १९.८ प्रतिशतले घटी २०६८ मंसिर मसान्तमा ३१६.२७ विन्दुमा पुगेको छ । यो सूचकाङ्क २०६७ मंसिर मसान्तमा ३९४.१७ रहेको थियो । बजारमा शेयरको आपूर्ति उल्लेख्य रूपमा बढेकोले समेत शेयरको मूल्यमा गिरावट आएको हो ।

१४. धितोपत्रको बजार पूँजीकरण २०६८ मंसिर मसान्तमा वार्षिक विन्दुगत आधारमा १४.१ प्रतिशतले घटी रू. २ खर्ब ९० अर्ब ३४ करोड कायम भएको छ । २०६८ मंसिर मसान्तमा बजार पूँजीकरणको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात २१.६ प्रतिशत रहेको छ । यस्तो अनुपात २०६७ मंसिर मसान्तमा २८.९ प्रतिशत रहेको थियो । कुल वजार पूँजीकरणमा बैंक तथा वित्तीय संस्थाहरूको सबैभन्दा ठूलो हिस्सा रहेको छ । जसअनुसार बैंक तथा वित्तीय संस्थाहरूको ६७.५ प्रतिशत, उत्पादन तथा प्रशोधन क्षेत्रको ४ प्रतिशत, होटलहरूको १.८ प्रतिशत, व्यापारिक संस्थाहरूको ०.५ प्रतिशत, जलविद्युतक्षेत्रको ४.२ प्रतिशत र अन्यको २२ प्रतिशत अंश रहेको छ ।

१५. सूचीकृत कम्पनीहरूको चुक्ता पूँजीको वार्षिक वृद्धि १४.४ प्रतिशत रही २०६८ मंसिर मसान्तमा रू. १ खर्ब ४ अर्ब ८१ करोड पुगेको छ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा थप धितोपत्रहरू सूचीकृत भएका कारण चुक्ता पूँजीमा वृद्धि भएको हो । २०६८ मंसिर मसान्तमा रू. १ अर्ब ३० करोड ५०

लाख बरावरको साधारण शेयर, रू. ५७ करोड ६३ लाख बराबरको बोनस शेयर, रू. १ अर्व ९६ करोड ४३ लाख बराबरको हकप्रद शेयर, रू. ४ करोड बराबरको परिवर्त्य अग्राधिकार शेयर र रू. ५ अर्ब बराबरको सरकारी ऋणपत्र गरी कूल रू. ८ अर्ब ८८ करोड ५६ लाख रकम बराबरको धितोपत्र सूचीकृत भएको छ ।

१६. नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकृत भएका कम्पनीहरूको संख्या २०६८ मंसिर मसान्तसम्ममा २१४ पुगेको छ । यो संख्या २०६७ मंसिर मसान्तसम्ममा १९० रहेको थियो । हाल सूचीकृत कम्पनीहरूमध्ये १८२ वटा बैंक तथा वित्तीय संस्था (बीमा कम्पनी समेत), १८ वटा उत्पादन र प्रशोधन उद्योग, ४ वटा होटल, ४ वटा व्यापारिक संस्था, ४ वटा जल विद्युत कम्पनी र २ वटा अन्य समूहका रहेका छन् ।

## मुद्रास्फीति र तलब तथा ज्यालादर

### उपभोक्ता मुद्रास्फीति

१७. आर्थिक वर्ष २०६८/६९ को मंसिर महिनामा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति ७.५ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो मुद्रास्फीति ९.६ प्रतिशत रहेको थियो । समीक्षा अवधिमा वार्षिक विन्दुगत आधारमा खाद्य तथा पेय पदार्थ समूहको मूल्य सूचकाङ्क ७.१ प्रतिशतले र गैर-खाद्य तथा सेवा समूहको मूल्य सूचकाङ्क ७.८ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यी समूहहरुको मूल्य सूचकाङ्कको वृद्धिदर क्रमशः १५.२ प्रतिशत र ५.० प्रतिशत रहेको थियो ।

१८. समीक्षा अवधिमा खाद्य तथा पेय पदार्थ समूहमा पर्ने वस्तुहरुमध्ये फलफूलको वार्षिक विन्दुगत मूल्य सूचकाङ्कको वृद्धिदर सबैभन्दा वढी अर्थात २०.० प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस उप-समूहको मूल्य सूचकाङ्कमा २२.९ प्रतिशतले वृद्धि भएको थियो । अघिल्लो वर्षको सोही अवधिमा ३३.७ प्रतिशतले वृद्धि भएको तरकारी उप-समूहको मूल्य सूचकाङ्क समीक्षा अवधिमा १८.८ प्रतिशतले वृद्धि भएको छ । त्यसैगरी, समीक्षा अवधिमा दुग्ध पदार्थ एवम अण्डा र घिउ एवम् तेल उप-समूहको वार्षिक विन्दुगत मूल्य सूचकाङ्क क्रमशः १३.० प्रतिशत र १२.५ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा सो वस्तुहरुको मूल्य सूचकाङ्कको वृद्धिदर क्रमशः १५.२ प्रतिशत र ०.५ प्रतिशत रहेको थियो । त्यसैगरी, अघिल्लो वर्षको सोही अवधिमा चिनी एवम् मिठाई र खाद्यान्न उप–समूहको मूल्य सूचकाङ्कमा क्रमशः २६.३ प्रतिशत र १५.६ प्रतिशतले वृद्धि भएकोमा समीक्षा अवधिमा उल्लिखित दुवै उप-समूहको मूल्य सूचकाङ्कमा क्रमशः ७.८ प्रतिशत र २.१ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा २६.४ प्रतिशतको उच्च दरमा वृद्धि भएको मसला उप-समूहको मूल्य सूचकाङ्कमा भने समीक्षा अवधिमा ८.३ प्रतिशतले ह्रास आएको छ ।

१९. समीक्षा अवधिमा गैर-खाद्यवस्तु तथा सेवा समूहका वस्तुहरुमध्ये कपडा एवम् जुत्ता चप्पलको मूल्य सूचकाङ्कमा १५.२ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस उप-समूहको मूल्य सूचकाङ्कमा ९.८ प्रतिशतले मात्र वृद्धि भएको थियो । त्यस्तै, समीक्षा अवधिमा फर्निसिंग एवम घरायसी उपयोगका सामान र यातायात उप-समूहको मूल्य सूचकाङ्कमा क्रमशः १३.७ प्रतिशत र १२.५ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा उल्लिखित दुवै उप-समूहको मूल्य सूचकाङ्कमा क्रमशः २.८ प्रतिशत र ८.७ प्रतिशतले वृद्धि भएको थियो । त्यसैगरी, समीक्षा अवधिमा विविध वस्तु एवम् सेवा र शिक्षा क्षेत्रको मूल्य सूचकाङ्कमा क्रमशः ९.७ प्रतिशत र ८.९ प्रतिशतले

वृद्धि भएको छ । अघिल्लो वर्ष यी उप-समूहको मूल्य सूचकाङ्कमा क्रमशः ६.३ प्रतिशत र ५.८ प्रतिशतले वृद्धि भएको थियो । संचार उप–समूहको मूल्य सूचकाङ्कमा भने समीक्षा अवधिमा ८.८ प्रतिशतले ह्रास भएको छ । अघिल्लो वर्षको सोही अवधिमा पनि उक्त उप-समूहको मूल्य सूचकाङ्कमा ९.५ प्रतिशतले ह्रास आएको थियो ।

२०. क्षेत्रगत आधारमा विश्लेषण गर्दा समीक्षा अवधिमा सबैभन्दा बढी पहाडमा ९.६ प्रतिशत, तत्पश्चात तराईमा ७.३ प्रतिशत र काठमाडौं उपत्यकामा ६.० प्रतिशतले मूल्य सूचकाङ्क वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त क्षेत्रहरुमा यस्तो मूल्य सूचकाङ्कको वृद्धिदर क्रमशः ९.३ प्रतिशत, ६.६ प्रतिशत र १४.० प्रतिशत रहेको थियो ।

## थोक मुद्रास्फीति

२१. समीक्षा अवधिमा राष्ट्रिय थोक मूल्य सूचकाङ्कको वार्षिक विन्दुगत वृद्धिदर ४.३ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो वृद्धिदर ११.२ प्रतिशत रहेको थियो । थोक मूल्य अन्तर्गतका आयातीत वस्तु र स्वदेशमा उत्पादित वस्तुहरुको मूल्य सूचकाङ्क क्रमशः १२.० प्रतिशत र ११.३ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यी वस्तुहरुको थोकमूल्य सूचकाङ्क क्रमशः ८.० प्रतिशत र ६.८ प्रतिशतले वृद्धि भएको थियो । अघिल्लो वर्षको सोही अवधिमा १४.३ प्रतिशतले वृद्धि भएको कृषिजन्य वस्तुको थोकमूल्य सूचकाङ्कमा भने समीक्षा अवधिमा १.५ प्रतिशतले ह्रास भएको छ ।

२२. समीक्षा अवधिमा कृषिजन्य वस्तुहरुमध्ये नगदेबालीको वार्षिक विन्दुगत थोकमूल्य सूचकाङ्क ८.६ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा भने सो बालीको थोकमूल्य सूचकाङ्कमा ११.७ प्रतिशतले ह्रास भएको थियो । यसैगरी, समीक्षा अविधमा फलफूल तथा तरकारीको थोकमूल्य सूचकाङ्कमा २.३ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा सो उप–समूहको थोकमूल्य सूचकाङ्कमा ३१.१ प्रतिशतको वृद्धि रहेको थियो । अघिल्लो वर्षको सोही अवधिमा क्रमशः ३६.४ प्रतिशत र १७.९ प्रतिशतले वृद्धि भएको मसला र खाद्यान्न उप-समूहको थोकमूल्य सूचकाङ्कमा भने समीक्षा अवधिमा ८.४ प्रतिशत र ८.२ प्रतिशतले ह्रास भएको छ ।

२३. समीक्षा अवधिमा स्वदेशमा उत्पादित वस्तुहरु अन्तर्गतको पेय एवम् सुर्तीजन्य पदार्थ र खाद्यजन्य वस्तुको थोक मूल्य सूचकाङ्क क्रमशः १६.८ प्रतिशत र ९.० प्रतिशतले वृद्धि भएको छ । त्यसैगरी, निर्माण सामाग्रीको थोकमूल्य सूचकाङ्क समीक्षा अवधिमा ४.३ प्रतिशतले वृद्धि भएको छ ।

२४. आयातीत वस्तुहरुमध्ये समीक्षा अवधिमा कपडाजन्य सामग्री र पेट्रोलियम पदार्थ एवम कोईला उप-समूहको थोकमूल्य सूचकाङ्क क्रमशः २९.४ प्रतिशत र १५.६ प्रतिशतले वृद्धि भएको छ । त्यसैगरी, यातायातका साधन एवम पार्टपुर्जा र विद्युतीय सामग्रीको थोक मूल्य सूचकाङ्कमा क्रमशः १२.४ प्रतिशत र ९.५ प्रतिशतले वृद्धि भएको छ ।

## राष्ट्रिय तलव तथा ज्यालादर सूचकाङ्क

२५. समीक्षा अवधिमा वार्षिक विन्दुगत राष्ट्रिय तलव तथा ज्यालादर सूचकाङ्क ३१.० प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त सूचकाङ्क १४.९ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा अवधिमा तलब सूचकाङ्क १९.३ प्रतिशतले वृद्धि भएको छ भने ज्यालादर सूचकाङ्क ३४.४ प्रतिशतल वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा तलब सूचकाङ्कमा कुनै परिवर्तन भएको थिएन भने ज्यालादर सूचकाङ्कमा २०.० प्रतिशतले वृद्धि भएको थियो ।

२६. समीक्षा अवधिमा तलब अन्तर्गत बैंक तथा वित्तीय संस्था, सार्वजनिक संस्थान र निजामती सेवाको तलब सूचकाङ्क क्रमशः ४२.४ प्रतिशत, २८ प्रतिशत र १८.७ प्रतिशतले वृद्धि भएको छ । त्यसैगरी, सैनिक र प्रहरी सेवा, शिक्षा र प्राईभेट संस्थाको तलब सूचकाङ्क क्रमशः २६.५ प्रतिशत, १९.१ प्रतिशत र ८.६ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा उल्लिखित सूचकाङ्कहरुमा कुनै परिर्वतन भएको थिएन ।

२७. समीक्षा अवधिमा ज्यालादर अन्तर्गत निर्माण, कृषि र औद्योगिक मजदुरको ज्यालादर सूचकाङ्क क्रमशः ३७.० प्रतिशत, ३६.५ र प्रतिशत २८.८ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा उल्लिखित सूचकाङ्कहरुमा क्रमशः १७.२ प्रतिशत २७.३ प्रतिशत र ७.७ प्रतिशतले वृद्धि भएको थियो

## सरकारी वित्त स्थिति *

### बजेट घाटा/बचत

२८. आर्थिक वर्ष २०६८/६९ को पाँच महिनासम्ममा सरकारी बजेट रू. ८ अर्व ५ करोडले बचतमा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा सरकारी बजेट रू. १३ अर्व १३ करोडले बचतमा रहेको थियो । समीक्षा अवधिमा कुल सरकारी खर्चको तुलनामा स्रोत परिचालन उच्च रहेको कारण सरकारी बजेट बचतमा रहेको हो ।

### सरकारी खर्च

२९. समीक्षा अवधिमा नगद प्रवाहमा आधारित कुल सरकारी खर्चमा ४८.० प्रतिशतले वृद्धि भई रू. ८८ अर्व १४ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा कुल सरकारी खर्चमा ५.७ प्रतिशतले घटेको थियो । अघिल्लो वर्षको वार्षिक वजेट आर्थिक वर्ष शुरू भएको पाँचौ महिनामा मात्र सार्वजनिक भई कार्यान्वयनमा आएको र चालू आर्थिक वर्षमा समयमै वजेट सार्वजनिक भई कार्यान्वयनमा आएकोले चालू वर्षको कूल सरकारी खर्चको वृद्धिदर उच्च रहन गएको हो ।

### सरकारी राजस्व

३०. आर्थिक वर्ष २०६८/६९ को पाँच महिनासम्ममा नेपाल सरकारको राजस्व परिचालन १९.४ प्रतिशतले वृद्धि भई रू. ७७ अर्व ७० करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा राजस्व ११.१ प्रतिशतले वृद्धि भई रू. ६५ अर्व १० करोड पुगेको थियो । अघिल्लो वर्षको सोही अवधिको तुलनामा चालू आर्थिक वर्षको पहिलो पाँच महिनासम्ममा कूल आयातमा भएको वृद्धिदर लगायत भारतीय अन्तःशुल्क प्राप्तिमा भएको उल्लेखनीय वृद्धिदरका कारण राजस्वको वृद्धिदर अघिल्लो वर्षको सोही अवधिको तुलनामा बढ्न गएको हो ।

३१. समीक्षा अवधिमा मूल्य अभिवृद्धि कर राजस्वमा १७.४ प्रतिशतले वृद्धि भई रू. २८ अर्ब ४१ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा सो वृद्धिदर १९.८ प्रतिशत रहेको थियो ।

* नेपाल राष्ट्र बैंकका ८ वटा कार्यालयहरु, सरकारी कारोवार गर्ने राष्ट्रिय वाणिज्य बैंक लिमिटेडका ६५ मध्ये ६३ वटा शाखाहरु, नेपाल बैंक लिमिटेडका ४३ मध्ये ३८ वटा शाखाहरु, एभरेष्ट बैंक लिमिटेडका ५ वटा शाखाहरु, नेपाल बंगलादेश बैंक लिमिटेड र ग्लोवल बैंक लिमिटेडको १-१ शाखाहरुबाट प्राप्त विवरणको आधारमा तयार गरिएको ।

३२. समीक्षा अवधिमा भन्सार राजस्व १४.७ प्रतिशतले वृद्धि भई रू. १६ अर्ब १० करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा सो राजस्व ६.० प्रतिशतले वृद्धि भएको थियो। अघिल्लो वर्षको सोही अवधिको तुलनामा चालू आर्थिक वर्षको पहिलो पाँच महिनासम्ममा कूल आयातमा भएको वृद्धिदर लगायत भारतीय अन्तःशुल्क प्राप्तिमा भएको उल्लेखनीय वृद्धिदरका कारण भन्सार राजस्वमा वृद्धि भएको हो।

३३. समीक्षा अवधिमा अन्तःशुल्क राजस्वमा १२.८ प्रतिशतले वृद्धि भई रू. १२ अर्ब २८ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा उक्त राजस्व २१.९ प्रतिशतले वृद्धि भएको थियो। उच्च अन्तःशुल्क लाग्ने सवारी साधन लगायतका वस्तुहरुको आयातमा आएको कमीका कारण अन्तःशुल्क राजस्वको वृद्धिदरमा कमी आएको हो।

३४. समीक्षा अवधिमा सरकारको आयकर राजस्व १७.६ प्रतिशतले वृद्धि भई रू. १० अर्ब पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा राजस्व ३१.३ प्रतिशतले वृद्धि भएको थियो।

३५. समीक्षा अवधिमा नेपाल सरकारको गैर-कर राजस्व रू. ७ अर्व ८८ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा गैर-कर राजस्व रू. ४ अर्व ७२ करोड पुगेको थियो।

### वैदेशिक नगद ऋण र अनुदान

३६. आर्थिक वर्ष २०६८/६९ को पाँच महिनासम्ममा नेपाल सरकारलाई वैदेशिक नगद ऋणवापत् रू. १ अर्व २३ करोड र वैदेशिक नगद अनुदानवापत् रू. १५ अर्व ४० करोड प्राप्त भएको छ।

## वाह्य क्षेत्र

### वैदेशिक व्यापार

३७. आर्थिक वर्ष २०६८/६९ को पाँच महिनासम्ममा कुल वस्तु निर्यात अघिल्लो वर्षको सोही अवधिको तुलनामा ११.५ प्रतिशतले वृद्धि भई रू. ३० अर्ब ०६ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा कुल वस्तु निर्यात ८.० प्रतिशतले वृद्धि भई रू. २६ अर्ब ९६ करोड पुगेको थियो। मासिक रुपमा हेर्दा चालू आर्थिक वर्षको मंसिर महिनामा कुल वस्तु निर्यातमा कार्तिक महिनाको तुलनामा १२.५ प्रतिशतले वृद्धि भएको छ।

३८. कुल वस्तु निर्यातमध्ये भारततर्फको निर्यात समीक्षा अवधिमा १४.७ प्रतिशतले वृद्धि भएको छ। यस्तो निर्यात अघिल्लो वर्षको सोही अवधिमा ११.२ प्रतिशतले वृद्धि भएको थियो। त्यस्तै, अन्य मुलुकतर्फको निर्यात अघिल्लो वर्ष २.८ प्रतिशतले वृद्धि भएकोमा समीक्षा अवधिमा ५.७ प्रतिशतले वृद्धि भएको छ। अमेरिकी डलरमा यस्तो वस्तु निर्यात अघिल्लो वर्षको सोही अवधिको ७.५ प्रतिशत वृद्धिको तुलनामा समीक्षा अवधिमा ०.५ प्रतिशतले वृद्धि भई अमेरिकी डलर ३९ करोड पुगेको छ। भारततर्फ मुख्यतयाः जस्ता पाता, लत्ताकपडा, पोलिस्टर यार्न र जी. आई. पाइपको निर्यात बढेको कारण त्यसतर्फको निर्यातमा वृद्धि हुन गएको हो। त्यस्तै, अन्य मुलुकतर्फ विशेषगरी ऊनी गलैंचा, तयारी पोशाक, पश्मिना, नेपाली कागज र सोका सामान र चियाको निर्यातमा वृद्धि भएका कारण त्यसतर्फको निर्यातमा वृद्धि भएको हो।

३९. समीक्षा अवधिमा कुल वस्तु आयात १५.५ प्रतिशतले बढेर रू. १ खर्ब ७७ अर्ब ७८ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो आयात १.६ प्रतिशतले वृद्धि भई रू. १ खर्ब ५३ अर्ब ९७

करोड पुगेको थियो । मासिक रुपमा हेर्दा मंसिर महिनामा कुल वस्तु आयात कार्तिक महिनाको तुलनामा २०.० प्रतिशतले वृद्धि भएको छ ।

४०. कुल आयातमध्ये भारतबाट भएको आयात अघिल्लो वर्षको पाँच महिनासम्म २७.१ प्रतिशतले वृद्धि भएकोमा समीक्षा अवधिमा ८.१ प्रतिशतले वृद्धि भएको छ । त्यसैगरी, अन्य मुलुकबाट भएको आयात अघिल्लो वर्षको २८.३ प्रतिशत ह्रासको विपरित समीक्षा अवधिमा ३०.९ प्रतिशतले वृद्धि भएको छ । अमेरिकी डलरमा यस्तो वस्तु आयात अघिल्लो वर्षको सोही अवधिको ५.८ प्रतिशत वृद्धिको तुलनामा समीक्षा अवधिमा ९.१ प्रतिशतले वृद्धि भई अमेरिकी डलर २ अर्ब ३० करोड पुगेको छ । भारतबाट मुख्यतयाः पेट्रोलियम पदार्थ, तयारी पोशाक, कृषि उपकरण तथा पार्टस्, तार, रड तथा क्वायल, कोइला र बाथरुमका सामानहरुको आयात बढेको छ । अन्य मुलुकबाट विशेषगरी सुन, भटमासको कच्चा तेल, रासायनिक मल, चाँदी र अन्य मेशिनरी तथा पार्टस्को आयातमा वृद्धि भएको छ ।

४१. चालू आर्थिक वर्षको पाँच महिनासम्ममा कुल वस्तु व्यापार घाटा १६.३ प्रतिशतले वृद्धि भई रू. १ खर्ब ४७ अर्ब ७२ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा कुल वस्तु व्यापार घाटा ०.३ प्रतिशतले वढेको थियो । कुल वस्तु व्यापार घाटामध्ये भारतसँगको घाटा समीक्षा अवधिमा ६.७ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा भारतसंगको यस्तो घाटा ३०.८ प्रतिशतले वढेको थियो । त्यस्तै, अघिल्लो वर्षको पाँच महिनासम्ममा ३३.२ प्रतिशतले घटेको अन्य मुलुकसँगको व्यापार घाटा समीक्षा अवधिमा ३७.० प्रतिशतले वृद्धि भएको छ । अमेरिकी डलरमा कुल व्यापार घाटा अघिल्लो वर्षको सोही अवधिको ४.४ प्रतिशत वृद्धिको तुलनामा समीक्षा अवधिमा ९.९ प्रतिशतले वृद्धि भएको छ ।

४२. आयात व्यापारमा आएको वृद्धिको कारण समीक्षा अवधिमा निर्यात-आयात अनुपात १६.९ प्रतिशतमा झरेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो अनुपात १७.५ प्रतिशत रहेको थियो ।

## शोधनान्तर स्थिति

४३. आर्थिक वर्ष २०६८/६९ को पाँच महिनासम्ममा समग्र शोधनान्तर स्थिति रू. ६१ अर्ब १९ करोडले बचतमा रही नयाँ रेकर्ड कायम भएको छ । अघिल्लो वर्षको सोही अवधिमा रू. ३ अर्ब ७६ करोडले शोधनान्तर घाटामा रहेको थियो । आर्थिक वर्ष २०६८/६९ को पाँच महिनासम्ममा चालू खाता रू. २४ अर्ब ८९ करोडले बचतमा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा चालू खाता रू. ४ अर्ब ५८ करोडले घाटामा रहेको थियो । खासगरी विप्रेषण आयमा भएको उल्लेख्य वृद्धि एवं सेवा खातामा भएको उल्लेख्य सुधारका कारण चालू खाता बचतमा रहन गएको हो । चालु खाताको उच्च वचतले वाह्य क्षेत्र सुदृढ हुदै गएको देखिन्छ ।

४४. एफ.ओ.बी. मूल्यमा आधारित वस्तु व्यापार घाटा अघिल्लो वर्ष ०.३ प्रतिशतले घटेकोमा समीक्षा अवधिमा १५.७ प्रतिशतले वृद्धि भई रू. १ खर्ब ४१ अर्ब ९० करोड पुगेको छ । विगत केही वर्ष देखि घाटामा रहेको खुद सेवा आय समीक्षा अवधिमा रू. ८ अर्ब ३३ करोडले बचतमा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा खुद सेवा खाता घाटा रू. ४ अर्ब ७६ करोड रहन गएको थियो । सेवा अन्तर्गत, अघिल्लो वर्षको पहिलो पाँच महिनामा पर्यटन आयमा १८.३ प्रतिशतले ह्रास आएकोमा समीक्षा अवधिमा ३७.० प्रतिशतले वृद्धि भएको छ । त्यस्तै, खुद ट्रान्सफर आय अघिल्लो वर्षको तुलनामा २९.५ प्रतिशतले वृद्धि भई रू. १ खर्ब ५५ अर्ब ५३ करोड पुगेको छ । ट्रान्सफर अन्तर्गत पेन्सन आयमा १९.६ प्रतिशतले कमी आई रू. १० अर्ब ९३ करोड पुगेको छ । विप्रेषण आप्रवाह अघिल्लो वर्षको ११.३ प्रतिशत वृद्धिको तुलनामा ३७.९ प्रतिशतले वृद्धि भई

रू. १ खर्ब ३३ अर्ब १९ करोड पुगेको छ । मासिकरुपमा हेर्दा, चालू आर्थिक वर्षको कार्तिक महिनाको तुलनामा मंसिर महिनामा विप्रेषण आप्रवाह ९.७ प्रतिशतले वृद्धि भएको छ । अमेरिकी डलरमा विप्रेषण आय अघिल्लो वर्षको पाँच महिनामा १४.२ प्रतिशतले वृद्धि भएकोमा समीक्षा अवधिमा ३०.० प्रतिशतले वृद्धि भई १ अर्ब ७२ करोड अमेरिकी डलर पुगेको छ । त्यसैगरी, समीक्षा अवधिमा वित्तीय खाता अन्तर्गत रू. ३ अर्ब २० करोडको प्रत्यक्ष वैदेशिक लगानी प्राप्त भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो लगानी वापत रू. ३ अर्ब ५८ करोड प्राप्त भएको थियो ।

## विदेशी विनिमय सञ्चिति

४५. २०६८ मंसिर मसान्तमा कुल विदेशी विनिमय सञ्चिति २०६८ असार मसान्तको रू. २ खर्ब ७२ अर्ब १५ करोडको तुलनामा ३५.४ प्रतिशतले बढी रू. ३ खर्ब ६८ अर्ब ६३ करोड पुगेको छ । २०६७ मंसिर मसान्तमा यस्तो सञ्चिति २०६७ असार मसान्तको तुलनामा २.० प्रतिशतले घटेर रू. २ खर्ब ६३ अर्ब ४४ करोड रहन गएको थियो । मासिक रुपमा हेर्दा, चालू आर्थिक वर्षको मंसिर महिनामा मात्रै रू. २५ अर्ब ८९ करोडले विदेशी मुद्रा सञ्चिति बढेको छ । कुल सञ्चितिमध्ये नेपाल राष्ट्र बैंकमा रहेको सञ्चिति २०६८ असार मसान्तको रू. २ खर्ब १३ अर्ब १० करोडको तुलनामा २०६८ मंसिर मसान्तमा ४२.१ प्रतिशतले वृद्धि भई रू. ३ खर्ब २ अर्ब ८६ करोड पुगेको छ । अमेरिकी डलरमा भने बैंकिङ्ग क्षेत्रमा रहेको विदेशी मुद्रा सञ्चिति २०६८ असारदेखि २०६८ मंसिर मसान्तसम्ममा १२.४ प्रतिशतले वृद्धि भई अमेरिकी डलर ४ अर्ब ३१ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो सञ्चिति १.२ प्रतिशतले वृद्धि भएको थियो । आर्थिक वर्ष २०६८/६९ को पाँच महिनासम्मको आयातलाई आधार मान्दा विदेशी विनिमय सञ्चितिको विद्यमान स्तरले १०.६ महिनाको वस्तु आयात र ९.३ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने देखिन्छ ।

## अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम तथा सुनको मूल्य स्थिति तथा विनिमय दर प्रवृत्ति

४६. अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम (Crude Oil Brent) को मूल्य २०६७ मंसिर मसान्तमा प्रति व्यारल अमेरिकी डलर ९२.०६ रहेकोमा २०६८ मंसिर मसान्तमा १३.५ प्रतिशतले वृद्धि भई प्रति व्यारल अमेरिकी डलर १०४.५२ पुगेको छ । त्यसैगरी, सुनको मूल्य २०६७ मंसिर मसान्तको तुलनामा २०६८ मंसिर मसान्तमा १३.३ प्रतिशतले वृद्धि भई प्रति आउन्स अमेरिकी डलर १५७४.०० पुगेको छ ।

४७. २०६८ असार मसान्तको तुलनामा २०६८ मंसिर मसान्तमा नेपाली रुपैयाँ अमेरिकी डलरसँग १७.०३ प्रतिशतले अवमूल्यन भएको छ । अघिल्लो वर्षको सोही अवधिमा नेपाली रुपैयाँ अमेरिकी डलरसँग ३.८९ प्रतिशतले अधिमूल्यन भएको थियो । २०६८ मंसिर मसान्तमा अमेरिकी डलर एकको विनिमय दर रू. ८५.५१ पुगेको छ । २०६८ असार मसान्तमा उक्त विनिमय दर रू. ७०.९५ रहेको थियो ।